# चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि, २०७७

कार्यकारी समितिबाट स्वीकृत मिति २०७७/०५/२३

पहिलो संशोधन मिति २०७७/११/२६

## प्रस्तावना

स्वदेश वा विदेशमा चिकित्सा शिक्षा अन्तर्गतका सबै विधा र तहका कार्यक्रमहरूमा अध्ययनका लागि भर्ना हुन चाहने विद्यार्थी छनौट गर्न लिइने एकीकृत प्रवेश परीक्षालाई गुणस्तरीय, मर्यादित र व्यवस्थित बनाउन आवश्यक भएकाले यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम **"चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि - २०७७", 'Medical Education Common Entrance Examination (MECEE) Procedure - 2020'** रहेको छ ।

(२) यो कार्यविधि कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) *'आयोग'* भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनु पर्दछ ।

(ख) *'ऐन'* भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ सम्झनु पर्दछ ।

(ग) *'कार्यविधि'* भन्नाले चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा सञ्चालन कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

(घ) *'चिकित्सा शिक्षा'* भन्नाले स्वास्थ्य पेसासम्बन्धी सबै विधा र तहका (हेल्थ प्रोफेसनल एजुकेसन) शिक्षा भन्ने सम्झनु पर्दछ ।

(ङ) *'नियमावली'* भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ सम्झनु पर्दछ ।

(च) *'न्यूनतम योग्यता'* भन्नाले स्नातक तह, स्नातकोत्तर तह र सो भन्दा माथिल्लो तहका चिकित्सा शिक्षाका कार्यक्रमहरूमा भर्ना हुन आयोगले तोकेको न्यूनतम योग्यतालाई सम्झनु पर्दछ ।

(छ) *'निर्देशक'* भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ बमोजिम नियुक्त परीक्षा निर्देशनालयको पूर्णकालीन प्रमुख पदाधिकारीलाई सम्झनु पर्दछ ।

(ज) *'निर्देशनालय'* भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २८ उपदफा (१) को खण्ड 'ग' बमोजिमको परीक्षा निर्देशनालय सम्झनु पर्दछ ।

(झ) *'प्रतिष्ठान'* भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न प्रचलित कानुनबमोजिम स्थापित प्रतिष्ठान सम्झनु पर्दछ ।

(ञ) *'प्रवेश परीक्षा'* भन्नाले चिकित्सा शिक्षाका सबै तह र विधाका कार्यक्रममा भर्ना हुन विद्यार्थी छनौट गर्न लिइने एकीकृत प्रवेश परीक्षा सम्झनु पर्दछ ।

(ट) *'मन्त्रालय'* भन्नाले शिक्षासम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्दछ ।

(ठ) *'योग्यता क्रम'* भन्नाले एकीकृत प्रवेश परीक्षाको नतिजा तथा परीक्षा समितिले तोकेका अन्य आधारहरू समेतबाट निर्धारण भएको योग्यताको क्रम सम्झनु पर्दछ ।

(ड) *'विश्वविद्यालय'* भन्नाले नेपालको कानुनबमोजिम उच्च शिक्षा प्रदान गर्न गराउन स्थापना भएका विश्वविद्यालय सम्झनु पर्दछ ।

(ढ) *'समिति'* भन्नाले नियमावलीबमोजिम गठित चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समिति सम्झनु पर्दछ ।

## परिच्छेद - २

## परीक्षा समिति र अन्य

### ३. चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समिति

(१) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १४ बमोजिम एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि परीक्षा निर्देशनालय अन्तर्गत रही काम गर्न देहायबमोजिमको एक चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समिति रहने छ :

(क) निर्देशक, परीक्षा निर्देशनालय, चिकित्सा शिक्षा आयोग - अध्यक्ष

(ख) चिकित्सा शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका डिनहरूमध्ये कार्यकारी समितिबाट मनोनीत चारजना - सदस्य

(ग) विश्वविद्यालय वा प्रतिष्ठानमा परीक्षासम्बन्धी अनुभव हासिल गरेका विज्ञमध्ये कार्यकारी समितिबाट मनोनीत एकजना - सदस्य

(घ) वरिष्ठ अधिकृत, परीक्षा निर्देशनालय, आयोग - सदस्य-सचिव

(२) चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) मनोनित सदस्यहरूको पदावधि दुईवर्षको हुनेछ र निजहरू पुनःनियुक्ति हुन सक्नेछन् ।

(४) समितिमा मनोनित सदस्यले समितिका अध्यक्ष मार्फत् पेस गरेको राजिनामा कार्यकारी समितिबाट स्वीकृत भएमा पदमुक्त हुनेछ ।

(५) समितिका मनोनित सदस्यले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा पदअनुसारको आचरण नगरेमा समितिको अध्यक्षको सिफारिसमा कार्यकारी समितिले निजलाई जुनसुकै वखत हटाई अर्को व्यक्तिलाई मनोनित गर्न सक्ने छ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

### ४. चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समितिको काम, कर्तव्य र अधिकार

चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(१) एकीकृत प्रवेश परीक्षाको पाठ्यक्रम, पाठ्यभार तथा न्यूनतम योग्यता निर्धारणका लागि कार्यकारी समितिमा सिफारिस गर्ने ।

(२) पाठ्यक्रम तथा प्रश्नपत्र निर्माणमा संलग्न हुने विशेषज्ञको मापदण्ड निर्धारण गर्ने ।

(३) आवेदनको प्रक्रिया र ढाँचा निर्धारण गर्ने ।

(४) परीक्षामा संलग्न हुने पदाधिकारी तथा परीक्षार्थीको आचार संहिता तय गरी लागू गर्ने ।

(५) प्रश्नपत्र, प्रश्नपत्रको ढाँचा तथा उत्तरकुञ्जिका निर्माण, परिमार्जन, अन्तिमीकरण, छपाइ, प्याकेजिङ, परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षणका लागि आवश्यक नीति बनाउने ।

(६) …

(७) टाइब्रेकिङ (tie-breaking) को विषयगत आधार तय गर्ने ।

(८) परीक्षासम्बन्धी कार्यको निरीक्षण तथा अनुगमन गर्ने गराउने ।

(९) कार्यकारी समितिबाट प्रत्यायोजित एवम् निर्देशित अन्य काम गर्ने गराउने ।

## ५. <u>प्रवेश परीक्षाको उत्तीर्णाङ्कसम्बन्धी व्यवस्था</u>

(१) एकीकृत प्रवेश परीक्षाको उत्तीर्णाङ्क लिखित परीक्षाको पूर्णाङ्कको न्यूनतम ५० प्रतिशत हुनुपर्ने छ ।

(२) गलत उत्तरका लागि नेगेटिभ मार्किङ (negative marking) गरिने छैन।

# परिच्छेद - ३

# आवेदन

## ६. सार्वजनिक सूचना प्रकाशनसम्बन्धी व्यवस्था

चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समितिले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १५ मा भएको व्यवस्थाबमोजिम प्रवेश परीक्षा हुने मितिभन्दा कम्तीमा पन्ध्र दिन अगावै देहायका विवरण खुलाई राष्ट्रियस्तरको दैनिक पत्रिका र आयोगको वेबसाइटमार्फत् सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नुपर्ने छ :

(क) प्रवेश परीक्षाको तह, कार्यक्रम र विषय,

(ख) प्रवेश परीक्षामा उम्मेदवार हुन चाहिने न्यूनतम योग्यता,

(ग) प्रवेश परीक्षा दस्तुर,

(घ) विषयगत सिट सङ्ख्या,

(ङ) आवेदन दिने दरखास्तको ढाँचा,

(च) परीक्षाको किसिम,

(छ) परीक्षासम्बन्धी अन्य आवश्यक विषय ।

## ७. एकीकृत प्रवेश परीक्षामा सामेल हुन चाहिने न्यूनतम योग्यतासम्बन्धी व्यवस्था

यस कार्यविधिबमोजिम प्रवेश परीक्षामा सामेल हुन चाहने व्यक्तिले देहायबमोजिमको न्यूनतम शैक्षिक योग्यता पूरा गरेको हुनुपर्ने छ ।

(१) **स्नातक तह :**

(क) **एमबिबिएस, बिडिएस, बिएस्सी नर्सिङ, बिएएसएलपी र बि पर्फ्यूजन टेक्नोलोजी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स, केमिस्ट्री र बायोलोजी विषय अध्ययन गरी प्रवीणता प्रमाणपत्र तह अथवा १०+२ विज्ञान समूहमा समग्रमा न्यूनतम ५० प्रतिशत अंक वा जिपिए (GPA) २.४ ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ ।

अथवा

ए-लेभल वा सो सरहका फरक ग्रेडिङ प्रणाली भएका अन्य कार्यक्रमहरूमा पनि फिजिक्स, केमिस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत अंक वा जिपिए (GPA) २.४ ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ ।

अथवा

स्वास्थ्य विज्ञान सम्बन्धी प्रवीणता प्रमाणपत्र तह/डिप्लोमा (जनरल मेडिसिन, मेडिकल ल्याव टेक्नोलोजी, अफ्थाल्मिक विज्ञान, डेन्टल विज्ञान, फार्मेसी, आयुर्वेद, रेडियोग्राफि, फिजियोथेरापी) मा फिजिक्स, केमिस्ट्री र बायोलोजी विषय सहित समग्रमा न्यूनतम ५० प्रतिशत ल्याइ उत्तीर्ण गरेको र राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा १२ विज्ञान समुहमा फिजिक्स, केमिस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत अंक ल्याई समकक्षता प्राप्त गरेको हुनुपर्ने र सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(ख) **बिएएमएस, बिएस्सी एमएलटी, बिएस्सी एमआइटी, बिपिटि, बि फार्मेसी, बि अप्टोमेट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स, केमिस्ट्री र बायोलोजी विषय अध्ययन गरी प्रवीणता प्रमाणपत्र तह अथवा १०+२ विज्ञान समूहमा समग्रमा न्यूनतम ५० प्रतिशत अंक वा जिपिए (GPA) २.४ ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ ।

अथवा

ए-लेभल वा सो सरहका फरक ग्रेडिङ प्रणाली भएका अन्य कार्यक्रमहरूमा पनि फिजिक्स, केमिस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत अंक वा जिपिए (GPA) २.४ ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ ।

अथवा

स्वास्थ्य विज्ञानसम्बन्धी सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह/ डिप्लोमामा समग्रमा न्यूनतम ५० प्रतिशत अंक ल्याइ उत्तीर्ण गरेको र सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(ग) बिपिएच : मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स, केमिस्ट्री र बायोलोजी विषय अध्ययन गरी प्रवीणता प्रमाणपत्र तह अथवा १०+२ विज्ञान समूहमा समग्रमा न्यूनतम ५० प्रतिशत अंक वा जिपिए (GPA) २.४ ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ ।

अथवा

ए-लेभल वा सो सरहका फरक ग्रेडिङ प्रणाली भएका अन्य कार्यक्रमहरूमा पनि फिजिक्स, केमिस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत अंक वा जिपिए (GPA) २.४ ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ ।

अथवा

स्वास्थ्य विज्ञानसम्बन्धी प्रविणता प्रमाणपत्र तह/डिप्लोमा (जनरल मेडिसिन, मेडिकल ल्याव टेक्नोलोजी, अफ्थाल्मिक विज्ञान, डेन्टल विज्ञान, फार्मेसी, आयुर्वेद, नर्सिङ, रेडियोग्राफि, फिजियोथेरापी) विषयमा समग्रमा न्यूनतम ५० प्रतिशत अंक ल्याई उत्तीर्ण गरेको र सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने छ ।

(घ) **बिएनएस :** नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह/डिप्लोमा तहमा न्यूनतम ५० प्रतिशत अंक ल्याई उत्तीर्ण गरेको र नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्ने छ ।

(२) **स्नातकोत्तर तह** :

(क) **एमडी/एमएसः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एमबिबिएस वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा अस्थायी नाम दर्तापश्चात् नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा एक

वर्षको कार्य अनुभव हासिल गरेको हुनुपर्नेछ । तर बेसिक साइन्स र एमडीजिपि कार्यक्रमका लागि भने कार्य अनुभव आवश्यक पर्नेछैन । विदेशी विद्यार्थीहरूको हकमा सम्बन्धित देशको सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(ख) **एमडी/एमएस समूहअन्तर्गत बेसिक मेडिकल साइन्सेज (Basic Medical Sciences)** : स्नातकोत्तर तहका कार्यक्रममा बिडिएस (BDS) उत्तीर्ण गरी ब्रिज कोर्स पूरा गरिसकेका उम्मेदवारहरूका लागि काठमाडौं विश्वविद्यालय वाअन्तर्गतका शिक्षण संस्थाहरूमा यस शैक्षिक सत्रमा एक पटकका लागि मात्र प्रवेश परीक्षामा सहभागी हुने अवसर प्रदान गरिने छ ।

(ग) **एमडीएसः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बिडिएस वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्तापश्चात् नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तीमा एक वर्षको कार्य अनुभव हासिल गरेको हुनुपर्नेछ । विदेशी विद्यार्थीको हकमा सम्बन्धित देशको सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(घ) **एमडी आयुर्वेद (कायाचिकित्सा)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट बिएएमएस वा सो सरह उत्तीर्ण गरी नेपाल आयुर्वेद काउन्सिलमा नाम दर्तापश्चात् नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा एक वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ । विदेशी विद्यार्थीको हकमा सम्बन्धित देशको सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(ङ) **एमएससिपिएचः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एमबिबिएस/बिडिएस/बिपिएच/बिएन/बिएनएस/बिएस्सी नर्सिङ/बिएस्सी एमएलटी/बिएमएलटी/बिएएमएस/बि फार्मेसी/बि अप्टोमेट्री/बिएएसएलपी/बिपिटी वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(च) **एमएस्सी क्लिनिकल/मेडिकल माइक्रोबायोलोजी र एमएस्सी क्लिनिकल/मेडिकल बायोकेमिस्ट्रीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक उत्तीर्ण वा बिएस्सी (मेडिकल ल्याब टेक्नोलोजी) वा बिएमएलटी वा बिएस्सी (ल्याबोरेटोरी मेडिसिन) वा एमबिबिएस/बिडिएस वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा नाम दर्तापश्चात् एक वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ । विदेशी विद्यार्थीको हकमा सम्बन्धित देशको सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(छ) **एम फार्मेसीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि फार्मेसी वा सो सरह उत्तीर्ण गरी नेपाल फार्मेसी काउन्सिलमा नाम दर्ता भएको हुनुपर्नेछ । विदेशी विद्यार्थीको हकमा सम्बन्धित देशको सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(ज) **एमएस्सी एमआइटीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बिएस्सी एमआइटी वा सो सरह उत्तीर्ण गरी नेपाल हेल्थ प्रोफेसनल काउन्सिलमा नाम दर्ता भएको हुनुपर्नेछ । विदेशी विद्यार्थीको हकमा सम्बन्धित देशको सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(झ) **एम अप्टोमेट्रीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अप्टोमेट्री/भिजन साइन्समा स्नातक वा डक्टर अफ अप्टोमेट्री वा अप्टोमेट्रीमा बिएस्सी उत्तीर्ण गरी अप्टोमेट्रिष्टको रूपमा नेपाल हेल्थ प्रोफेसनल काउन्सिलमा नाम दर्ता भएको हुनुपर्नेछ । विदेशी विद्यार्थीको हकमा सम्बन्धित देशको सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(ञ) **एमफिल इन क्लीनिकल साइकोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट क्लिनिकल वा काउन्सेलिङ साइकोलोजीमा एमए/एमएस्सी (विशेषगरी साइकोलोजिकल एसेसमेन्ट, साइकोप्याथोलोजी/एबनर्मल साइकोलोजी, काउन्सेलिङ/साइकोथेरापी विषयमा केन्द्रित) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(ट) **एमएस्सी इन बेसिक मेडिकल साइन्सेजः**

- **एमएस्सी एनाटोमी र फिजियोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बिपिटी/बिएमआइटी/एमबिबिएस/बिडिएस/बिएएमएस वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।
- **एमएस्सी फार्माकोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि फार्मा/एमबिबिएस/बिडिएस/बिएएमएस वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने छ ।
- **एमएस्सी माइक्रोबायोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बिएस्सी क्लिनिकल माइक्रोबायोलोजी/बिएस्सी एमएलटी/बिएस्सी ल्याबोरेटोरी मेडिसिन/एमबिबिएस/बिडिएस/बिएएमएस वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।
- **एमएस्सी बायोकेमिस्ट्रीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट बिएस्सी क्लिनिकल बायोकेमिस्ट्री/बिएस्सी एमएलटी/बिएस्सी ल्याबोरेटोरी मेडिसिन/एमबिबिएस/बिडिएस/बिएएमएस उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(ठ) **एनबिएमएस स्पेसियालिटिज (NBMS-S)ः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एमबिबिएस वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्तापश्चात् नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा एक वर्षको कार्य अनुभव हासिल गरेको हुनुपर्ने छ ।

(ड) **एम नर्सिङ/एमएस्सी नर्सिङ :** मान्यताप्राप्त शिक्षण संस्थाबाट बिएन/बिएनएस/विएससी नर्सिङ पूरा गरी नेपाल नर्सिङ काउन्सिलमा नाम दर्तापश्चात् एक वर्षको कार्य अनुभव हासिल गरेको हुनुपर्ने छ । विदेशी विद्यार्थीको हकमा सम्बन्धित देशको सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ।

(ढ) **एम मिडवाइफरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट बिएन/बिएनएस/विएससी नर्सिङ/ वि मिडवाईफरी पूरा गरी नेपाल नर्सिङ काउन्सिलमा नाम दर्तापश्चात् एक वर्षको कार्य अनुभव हासिल गरेको हुनुपर्नेछ । विदेशी विद्यार्थीको हकमा सम्बन्धित देशको सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(३) **डिएम/एमसिएचः**

(क) **एमसिएचः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एमएस (जनरल सर्जरी) वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(ख) **डिएमः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एमडी (इन्टर्नल मेडिसिन) वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(ग) **डिएम (इमर्जेन्सी मेडिसिन)ः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एमडी (जनरल प्राक्टिस) वा एम डि (जनरल प्राक्टिस र इमर्जेन्सी मेडिसिन), एमडी (इन्टर्नल मेडिसिन), एमएस (अर्थोपेडिक), एमडी (एनेस्थेसिया), एमएस (जनरल सर्जरी), एमडी (गाइने एण्ड अब्स), एमडी (पेडियाट्रिक्स) वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(घ) **डिएम (क्रिटिकल केयर मेडिसिन)ः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एमडी (जनरल प्राक्टिस) वा एमडी (जनरल प्राक्टिस र इमर्जेन्सी मेडिसिन), एमडी (इन्टर्नल मेडिसिन), एमडी (एनेस्थेसिया),

एमएस (जनरल सर्जरी), एमडी (पेडियाट्रिक्स) वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(ङ) **एनबिएमएस सव-स्पेसियालिटिज (NBMS-SS):** मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एमडी/एमएस वा सो सरह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

## ८. दरखास्त फाराम पेस गर्नेसम्बन्धी व्यवस्था

चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षामा सहभागी हुन चाहने उम्मेदवारले आवेदन गर्न चाहेको समूहमा अनलाइन माध्यममार्फत् दरखास्त फाराम पेस गर्नुपर्नेछ । आफ्नो न्यूनतम योग्यता पुग्ने र परीक्षा मिति नजुध्ने गरी एक भन्दा बढी शैक्षिक कार्यक्रम (समूह) मा छुट्टाछुट्टै बैङ्क भौचर अपलोड (upload) गरी छुट्टाछुट्टै अनलाइन आवेदन गर्न सकिने छ ।

**दरखास्तका साथ पेस गर्नुपर्ने कागजातसम्बन्धी व्यवस्थाः**

(१) उम्मेदवारले दरखास्त फारामका साथ निम्नलिखित कागजात अपलोड गर्नुपर्ने छ :

(क) नेपाली आवेदक भए नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानी र विदेशी नागरिकको हकमा राहदानी वा आधार कार्ड,

(ख) न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट र प्रमाणपत्र,

(ग) विदेशी बोर्ड वा विश्वविद्यालयबाट उत्तीर्ण हुनेहरूको हकमा नेपाल सरकारले तोकेको निकाय वा विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र,

(घ) शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रतिशत वा ग्रेड नखुलेको भए सम्वन्धित विश्वविद्यालय वा प्रतिष्ठानले प्रतिशत वा ग्रेड खुलाएको प्रमाणपत्र,

(ङ) परीक्षा दस्तुर बुझाएको बैङ्क भौचर वा सोसँग सम्बन्धित प्रमाण,

(च) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो,

(छ) छात्रवृत्ति वा आरक्षणमा आवेदन गर्ने उम्मेदवारको हकमा सो प्रमाणित हुने कागजातहरू,

(ज) अनुभवसम्बन्धी प्रमाणपत्र (स्नातकोत्तर तहको लागि),

(झ) सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको प्रमाणपत्र,

(ञ) कार्यरतको हकमा सम्बन्धित मन्त्रालय वा प्रदेश मन्त्रालय वा स्थानीय निकाय वा नियुक्ति दिने निकायले अध्ययनका लागि दिएको पूर्व स्वीकृति पत्र (no objection certificate/release letter)

(ट) …

(ठ) आवेदकको हस्ताक्षरको स्क्यानप्रति,

(ड) यस कार्यविधिको दफा १९ को उपदफा (३) बमोजिम भर्ना हुन चाहने विदेशी उम्मेदवारको हकमा सम्बन्धित राष्ट्रको प्रवेश परीक्षामा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको अथवा उक्त प्रवेश परीक्षाको नतिजा पर्सेन्टाइल (percentile) मा रहेछ भने न्यूनतम ५० औ पर्सेन्टाइल प्राप्त भएको प्रमाणपत्र ।

(ढ) परीक्षा समितिले तोकेका अन्य कागजातहरू ।

(ण) स्नातक तहमा आरक्षण समूहबाट आवेदन दिनेहरुको हकमा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को दफा २१ बमोजिमका कागजातहरु ।

(२) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीले अध्ययन समाप्त भएपछि कबुलियतनामाबमोजिमको सेवा अवधिमध्ये एक वर्ष सेवा अवधि पूरा गरिसकेकाको हकमा अध्ययन समाप्त भएपश्चात कबुलियतनामाबमोजिमको बाँकी सेवा अवधि पूरा गर्ने गरी सम्बन्धित निकायबाट प्राप्त पूर्व स्वीकृति पत्र अनिवार्य अपलोड गर्नुपर्ने छ

(३) एकीकृत प्रवेश परीक्षाबाट योग्यताक्रम निर्धारण भई भर्नाको अवसर प्राप्त गर्ने उम्मेदवारले सम्बन्धित विश्वविद्यालयमा भर्ना हुँदा दरखास्त फारामका साथ पेस गरेका सम्बन्धित कागजातका सक्कल र प्रमाणित प्रतिलिपि अनिवार्य पेस गर्नुपर्ने छ ।

(४) कुनै उम्मेदवारले आवेदनका समयमा पेस गरेको विवरण र अपलोड गरेका शैक्षिक प्रमाणपत्र तथा कागजातहरू झुठो प्रमाणित भएमा निजको नाम जुनसुकै वखत योग्यताक्रमको सूचीबाट हटाई त्यस्तो उम्मेदवारलाई चिकित्सा शिक्षा आयोगबाट आगामि दुई शैक्षिक सत्रसम्म सञ्चालन हुने कुनै पनि तहको प्रवेश परीक्षामा सहभागी हुनबाट वञ्चित गर्न सकिने छ।

## ९. दरखास्त फाराम स्वीकृतसम्बन्धी व्यवस्था

परीक्षा निर्देशनालयले अनलाइन माध्यमबाट प्राप्त दरखास्त फारामहरू रुजु गरी दरखास्त फाराम स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी आयोगको सूचना पाटी र वेबसाइटमार्फत् सार्वजनिक गर्नेछ ।

# परिच्छेद - ४
# प्रशनपत्र निर्माण

## १०. विज्ञ सूचीसम्बन्धी व्यवस्था

(१) चिकित्सा शिक्षाका सवै विधा र तहका कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षा सञ्चालनका लागि आवश्यक पाठ्यक्रम, प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माणमा संलग्न हुने विज्ञको मापदण्ड समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) विज्ञहरूको नामावली सूचीकृत गर्ने प्रयोजनका लागि निर्देशनालयले आवश्यकताअनुसार आयोगको वेबसाइटमार्फत् आवेदन आह्वान गर्नेछ ।

(३) निर्देशनालयले प्राप्त आवेदन र निर्धारित मापदण्डको आधारमा विज्ञहरूको सूची तयार एवम् अद्यावधिक गर्नेछ र यसरी सूचीकृत भएका विज्ञबाट आवश्यकताअनुसार सेवा लिन सक्ने छ ।

(४) निर्देशनालयले आवश्यकताअनुसार विज्ञहरूको सूची अद्यावधिक गर्नुपर्ने छ ।

## ११. प्रशनपत्र निर्माणसम्बन्धी व्यवस्था :

(१) निर्देशनालयले विज्ञसूचीमध्येबाट सवै तह र कार्यक्रमको स्वीकृत पाठ्यक्रम र पाठ्यभारअनुसार आवश्यक प्रश्नसङ्ख्याको बढीमा दश गुणासम्म कोरा प्रश्न उत्तरकुञ्जिकासहित माग गर्न सक्ने छ ।

(२) निर्देशनालयले प्रश्नपत्र निर्माणमा संलग्न हुने विज्ञलाई सोसम्बन्धी अनुरोध पत्रका साथ निर्देशन र कबुलियतनामासमेत संलग्न राखी पत्राचार गर्नुपर्नेछ । यस प्रयोजनका लागि हार्डकपी वा परिस्थितिअनुसार पासवर्ड प्रोटेक्टेड सफ्टकपीसमेत प्रयोग गर्न सकिनेछ ।

(३) निर्देशनालयले विज्ञबाट तयार गरिएका प्रश्नपत्र सिलबन्दी लाहाछाप सहित कसैले कुनै किसिमबाट जानकारी नपाउने गरी प्राप्त हुने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

## १२. प्रशनपत्र परिमार्जन (moderation) सम्बन्धी व्यवस्था :

(१) निर्देशकले सम्बन्धित विषयका विज्ञ सम्मिलित चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा विषयगत उपसमिति गठन गरी प्रश्नपत्र परिमार्जनको कार्य गराउन सक्ने छ ।

(२) निर्देशनालयले स्वीकृत आचारसंहिता र गोपनियता पालनाको सुनिश्चितता हुने गरी विज्ञहरूबाट प्राप्त प्रश्नपत्रको सिलबन्दी खामलाई विषयको कोडअनुसार छुट्याउनु पर्नेछ र यसरी विषयगतरूपमा छुट्याइएका प्रश्नपत्रका सिलबन्दी खामहरू निर्देशक र परीक्षा निर्देशनालयका कम्तीमा दुईजना अधिकृत स्तरका कर्मचारीको रोहबरमा खोली विज्ञहरूबाट पेस हुन आएका विषयगत कोरा प्रश्नहरू विषयकोडअनुसार विषय र विषयवस्तुको पञ्जिकरण/अनुक्रमित (register/indexing) हुनेगरी कम्प्युटर टाइप गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) विषयगत उपसमितिले सम्बन्धित विषयवस्तु विज्ञलाई आमन्त्रण गरी उपदफा (२) बमोजिम तयार गरिएका प्रश्नमध्येबाट पाठ्यक्रमअनुसार आवश्यक हुन आउने सङ्ख्याको दोब्बर सङ्ख्यामा प्रश्नहरू परिमार्जन गरी कम्प्युटर टाइप गर्न लगाउनु पर्नेछ ।

(४) विषयगत उपसमितिले उपदफा (३) बमोजिम तयार गरिएको प्रश्नबाट पाठ्यक्रम र विषयवस्तुको क्रमबद्धता अनुरूप हुनेगरी प्रत्येक विषयको कम्तीमा छुट्टाछुट्टै दुई सेट वस्तुगत प्रश्नहरूको परिमार्जित प्रति तयार गर्न लगाउनु पर्नेछ ।

(५) विषयगत उपसमितिबाट प्रश्नपत्रको परिमार्जन (moderation) कार्य सम्पन्न भएपछि पाठ्यक्रम र विषयवस्तुको क्रमबद्धताअनुसार भए नभएको सम्बन्धमा निर्देशकको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा विषयगत उपसमितिले पुनः रुजू र आवश्यक परेमा कम्प्युटर टाइपसमेत गरी गराइ प्रत्येक सेट प्रश्नपत्र फरक फरक खाममा सिलबन्दी गरी विषय कोड खुलाई सबै सेटहरूलाई एउटै खाममा पुनः सिलबन्दी गरी निर्देशनालयमा पेस गर्नुपर्ने छ ।

(६) यसरी तयार गरिएको प्रश्नपत्रमध्येबाट समितिका ३ जना सदस्यको रोहवरमा गोलाप्रथाबाट एकसेट प्रश्नपत्र छनौट गर्नुपर्नेछ । सोही सेटबाट विषयगत समूहभित्र मात्र आवश्यकतानुसार प्रश्न र उत्तर तल माथि पर्ने गरी कम्तीमा दुई सेट (प्रत्येक सेटभित्र प्रश्नको क्रमसङ्ख्या फरक पारी तयार गरिएका सेटहरू) हुनेगरी अन्तिम प्रश्नपत्र तयार गर्नुपर्नेछ ।विशेष कारणवस कुनै परीक्षा केन्द्रमा मात्र पुन: परीक्षा सञ्चालन गर्नुपर्ने भएमा प्रश्नपत्रको अतिरिक्त समानान्तर सेटलाई प्रयोग गर्न सकिने छ ।

## १३. <u>प्रश्नपत्र छपाइसम्बन्धी व्यवस्था :</u>

(१) प्रश्नपत्र छपाइ वा फोटोकपी र प्याकेजिङ गराउदा समितिका अध्यक्षले तोकेका कर्मचारीबाट सम्पन्न गर्नुपर्नेछ । विशेष परिस्थितिमाबाहेक परीक्षा हुने अघिल्लो दिन सम्पन्न हुनेगरी आवश्यक सङ्ख्यामा प्रश्नपत्र छपाइ वा फोटोकपी गरी प्रत्येक परीक्षा केन्द्रका लागि कक्षाकोठागत रूपमा छुट्टाछुट्टै प्याकेट बनाइ सिलबन्दी गर्ने र पुनः ती सिलबन्दी प्याकेटलाई परीक्षा केन्द्रगत छुट्टाछुट्टै सुरक्षित बाकसमा राखी सिलबन्दी गरी परीक्षा सुरुहुनुभन्दा कम्तीमा एक घण्टा अगावै परीक्षा केन्द्रमा पुऱ्याउने व्यवस्था गर्नुपर्ने छ ।

(२) प्रश्नपत्र छपाइ तथा प्याकेजिङमा संलग्न कर्मचारीलाई छपाइ, प्याकेजिङ र सिलबन्दी गर्ने कार्य सम्पन्न नभएसम्म छपाइ केन्द्रबाट बाहिर जान दिइने छैन ।

(३) परीक्षाको उत्तरपुस्तिका र प्रश्नपत्र अलग अलग सेटअनुसार नै छपाइ गर्नु पर्नेछ र प्रश्नपत्रमा पनि परीक्षार्थीको रोल नम्बर लेख्ने ठाउँ हुनुपर्ने छ ।

(४) प्रश्नपत्र छपाइको क्रममा रहेका काम नलाग्ने कागजातहरू र यस सम्बन्धित अन्य कागजातहरू स्रेडर (shredder) मा राखी नष्ट गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

# परिच्छेद - ५
# परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण

## १४. <u>परीक्षा सञ्चालनसम्बन्धी व्यवस्था :</u>

(१) चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षाको लिखित परीक्षा पूर्व निर्देशनालयले दरखास्त दिने परीक्षार्थीहरूको अन्तिम नामावली तयार गर्ने र परीक्षार्थीहरूको सङ्ख्याको आधारमा आवश्यकताअनुसार परीक्षा केन्द्रहरू तोक्नु पर्नेछ । परीक्षा केन्द्र तोक्ने आधार निम्न हुनेछन :

(क) परीक्षा सञ्चालन गर्नका लागि मिति र समय निर्धारण गर्दा परीक्षा भवनको उपलब्धता, यातायातको सुगम पहुँच र सर्वसाधारणको जानकारीमा रहेको स्थान लगायतका पक्षलाई विचार गरी निर्धारण गर्नुपर्ने छ ।

(ख) सबै परीक्षा भवन सिसिटिभी (CCTV) मार्फत् निगरानी गर्न मिल्ने हुनुपर्ने छ ।

(ग) कम्पाउण्ड र कम्पाउण्ड वाल भएको हुनुपर्ने छ ।

(२) निर्देशनालयले प्रवेश परीक्षा सञ्चालनका लागि केन्द्र निर्धारण गर्दा काठमाडौं उपत्यकाभित्र र आवश्यकताअनुसार काठमाडौं उपत्यका बाहिर पनि परीक्षा केन्द्र निर्धारण गरी प्रवेश परीक्षा सञ्चालन गर्न सक्ने छ ।

(३) निर्देशनालयले परीक्षार्थी सङ्ख्याको आधारमा देहायबमोजिम पर्यवेक्षक, सुपरिवेक्षक, परीक्षा नियन्त्रक, केन्द्राध्यक्ष, उपकेन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, समन्वयकर्ता, निरीक्षक, केन्द्र सहायक, सुरक्षाकर्मी, हलुका सवारी चालक र कार्यालय सहयोगीको व्यवस्था गर्नुपर्ने छ ।

(क) प्रत्येक केन्द्रका लागि एकजना सुपरिवेक्षक,

(ख) प्रत्येक दुई केन्द्रका लागि एकजना परीक्षा नियन्त्रक,

(ग) प्रत्येक परीक्षा केन्द्रका लागि एकजना केन्द्राध्यक्ष,

(घ) बढीमा १००० जना परीक्षार्थीका लागि एउटा परीक्षा केन्द्र,

(ङ) बढीमा ३०० जना परीक्षार्थीका लागि एकजना उपकेन्द्राध्यक्ष,

(च) बढीमा २० जना परीक्षार्थीका लागि एकजना निरीक्षक,

(छ) सिटप्लान लगायतका आवश्यक व्यवस्थापनका लागि प्रत्येक परीक्षा केन्द्रमा ३०० परीक्षार्थीका लागि एकजना केन्द्र सहायक,

(ज) प्रतिकेन्द्र कम्तीमा १० जना सुरक्षाकर्मी,

(झ) बढीमा १०० जना परीक्षार्थीका लागि एकजना कार्यालय सहयोगी ।

(४) परीक्षार्थीलाई उपलव्ध गराउने प्रवेशपत्रमा स्वीकृत गर्ने अधिकारीको दस्तखत, दर्जा र आयोगको छाप अनिवार्य रूपमा हुनुपर्ने छ ।

(५) परीक्षा सुरु भएको १५ मिनेट पछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गराइने छैन र परीक्षा अवधि समाप्त नभएसम्म परीक्षार्थीलाई परीक्षा हलबाट बाहिर जान दिइने छैन । परीक्षा समाप्त भएपछि परीक्षार्थीले उत्तरपुस्तिका र प्रश्नपत्र दुवै संलग्न राखी फिर्ता गर्नुपर्ने छ ।

(६) आवश्यकताअनुसार परीक्षार्थीको बायोमेट्रिक्स (biometrics) लिने व्यवस्था गर्न सकिनेछ र त्यसैलाई आधार मानेर भर्नाको समयमा रुजु गर्न सकिने छ ।

(७) परीक्षा केन्द्रमा प्रश्नपत्रको प्याकेट राखिएको सिलबन्दी बाकस बुझाउन, प्रयोग नभएका प्रश्नपत्र र उत्तरपुस्तिका सिलबन्दी गर्न, परीक्षा सम्पन्न भएपछि प्रश्नपत्र र उत्तरपुस्तिका सिलबन्दी गर्दा रोहवरमा वस्न र केन्द्राध्यक्षबाट उत्तरपुस्तिका बुझी आयोगमा बुझाउने लगायत अन्य सहजीकरणका कामका लागि आयोगबाट प्रत्येक परीक्षा केन्द्रमा दुईजना समन्वयकर्ता खटाउनुपर्ने छ ।

## १५. <u>परीक्षा सञ्चालनमा संलग्न कर्मचारीहरूको छनौट तथा काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था :</u>

(१) *केन्द्राध्यक्ष छनौटका आधार :* प्रवेश परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष छनौटका आधारहरू निम्न रहने छन् :

(क) परीक्षा केन्द्र रहेको शिक्षण संस्थाको प्रधानाध्यापक/प्रिन्सिपल/क्याम्पस प्रमुख

(ख) परीक्षा केन्द्र रहेको शिक्षण संस्थाको सहायक प्रधानाध्यापक/भाइस प्रिन्सिपल/सहायक क्याम्पस प्रमुख

(ग) चिकित्सा शिक्षा आयोगले तोकेका व्यक्तिहरू

(२) *केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार :*

(क) आफूलाई तोकिएको परीक्षा केन्द्रमा शान्तिपूर्ण वातावरणमा मर्यादित ढङ्गबाट परीक्षा कार्यक्रमअनुसार परीक्षा सञ्चालन गर्ने ।

(ख) निरीक्षकहरूलाई प्रवेश परीक्षासम्बन्धी अभिमुखीकरण गर्ने ।

(ग) निर्देशनालयबाट उपलब्ध गराइएको सिटप्लानअनुसार परीक्षार्थीहरूको बसाइ व्यवस्था मिलाउनु पर्नेछ । यस सन्दर्भमा परीक्षा हलभित्र टाँस गरिने सिटप्लानको कार्य परीक्षा हुने अघिल्लो दिन र परीक्षार्थीको जानकारीका लागि परीक्षा हल बाहिर सार्वजनिक गरिने सिटप्लानको सूचना परीक्षा सुरुहुनुभन्दा बढीमा तीनघण्टा अगाडि टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) आफूलाई तोकिएको परीक्षा केन्द्रमा परीक्षा सुरुहुनुभन्दा कम्तीमा ३ घण्टा अगाडि पुग्नु पर्नेछ ।

(ङ) परीक्षा सुरु हुनुभन्दा ३० मिनट अगाडि समन्वयकर्ताबाट प्राप्त सिलबन्दी गरिएको प्रश्नपत्र र उत्तरपुस्तिकाको प्याकेट राखिएको बाकस समन्वयकर्ता, सुरक्षाकर्मी, उपकेन्द्राध्यक्ष र निरीक्षकसमेत गरी कम्तीमा ५ जनाको रोहबरमा खोल्ने ।

(च) प्रश्नपत्र र उत्तरपुस्तिकाको सिलबन्दी प्याकेट तोकिएको विवरणअनुसार भए नभएको समन्वयकर्ताको रोहवरमा रुजु गर्ने ।

(छ) आयोग र सुरक्षाकर्मीको समन्वयमा परीक्षा केन्द्रको सुरक्षा र कर्मचारी व्यवस्था मिलाउने ।

(ज) परीक्षा भवनमा प्रवेश गर्नु अगाडि परीक्षार्थीको खानतलासी तथा प्रवेशपत्र जाँच गर्ने व्यवस्था गर्ने ।

(झ) परीक्षा केन्द्रको हाताभित्र परीक्षार्थी, परीक्षा सञ्चालनमा संलग्न कर्मचारीबाहेक अरुलाई प्रवेशगर्न नदिने व्यवस्था गर्ने ।

(ञ) परीक्षा हल तथा केन्द्रमा होहल्ला गर्ने, नक्कल गर्ने गराउने जस्ता अमर्यादित र अनुचित कार्य गर्ने परीक्षार्थी तथा निरीक्षकलाई तत्काल कारबाही तथा निष्काशन सम्म गर्ने।

(ट) परीक्षा निर्देशनालयको समन्वयमा परीक्षार्थी सङ्ख्या तथा परीक्षा कोठाअनुसार सहायक केन्द्राध्यक्ष तथा निरीक्षकहरू नियुक्ति गर्ने ।

(ठ) परीक्षा सुरु हुनुभन्दा ३० मिनट अगाडि मात्र परीक्षा कोठामा परीक्षार्थीहरूलाई प्रवेश अनुमति दिने र परीक्षा सुरु भएको १५ मिनेटभित्र आउने परीक्षार्थीहरूलाई प्रवेश परीक्षामा सामेल गराउने व्यवस्था गर्ने ।

(ड) निरीक्षकलाई प्रश्नपत्र र उत्तरपुस्तिकाको गोपनियता कायम राख्न निर्देशन दिने ।

(ढ) उत्तरपुस्तिकाको खाम तथा जेल पेन सम्बन्धित निरीक्षकलाई परीक्षा सुरु हुनुभन्दा कम्तीमा ३० मिनेट अगाडि उपलब्ध गराउने र सिलबन्दी गरिएको प्रश्न पत्र परीक्षा सुरुहुनुभन्दा ठीक अगाडि मात्र उपलब्ध गराउने ।

(ण) निरीक्षकलाई परीक्षा सञ्चालनसम्बन्धी आवश्यक निर्देशन दिने । परीक्षा अवधिभर अनुशासित र मर्यादित तवरले परीक्षा सञ्चालन भइरहेको छ छैन भनी निरीक्षण गर्ने ।

(त) परीक्षार्थीले प्रवेश परीक्षा अवधिभरमा परीक्षा सुरु भएको एक घण्टा पछि एक पटक मात्र शौचालय जान पाउने व्यवस्था गर्ने शौचालय जान र परीक्षा कोठाबाट बाहिर गएको र फर्केको समय नोट गर्न लगाउने ।

(थ) प्रवेश पत्रमा रहेको परीक्षार्थीको विवरण उपलब्ध हाजिरी फाराममा ठीक भए नभएको एकिन गर्न लगाउने ।

(द) प्रश्नपत्र वितरण गरिसकेपछि प्रश्नपत्रमा छपाइ त्रुटि भएको पाइएमा आयोगबाट लगेको अतिरिक्त प्रश्नपत्र दिई वितरित प्रश्नपत्र फिर्ता लिने व्यवस्था मिलाउने ।

(ध) प्रश्नपत्र र उत्तरपुस्तिका एउटै सेटको छ कि छैन चेक गर्न निरीक्षकलाई निर्देशन दिने ।

(न) परीक्षा सुरुभएको ३० मिनट पुग्ने वित्तिकै जगेडा हुन आएका सम्पूर्ण प्रश्नपत्रहरू र उत्तरपस्तिका मुचुल्का गरी समन्वयकर्तालाई जिम्मा लगाउने ।

(प) परीक्षा समाप्त भएपछि परीक्षार्थीहरूको सक्कल हाजिरी, प्रश्नपत्र र उत्तरपुस्तिका सङ्कलन र गन्ती गरी छुट्टाछुट्टै प्याकिङ गर्न लगाई समन्वयकर्ता, सुरक्षाकर्मी र कम्तीमा दुई जना निरीक्षकको रोहबरमा सिलबन्दी गरी समन्वयकर्ताको जिम्मा लगाई आयोगको परीक्षा निर्देशनालयमा पठाउने ।

(फ) परीक्षा सुरुभएदेखि अन्तसम्म त्यस परीक्षा केन्द्रमा भएको परीक्षाको गतिबिधि वारे आयोगको परीक्षा निर्देशनालयमा टेलिफोन मार्फत जानकारी गराउने ।

(३) *उपकेन्द्राध्यक्ष छनौटका आधार :* प्रवेश परीक्षा सञ्चालनका लागि उपकेन्द्राध्यक्ष छनौटका आधारहरू निम्न रहने छन्

(क) परीक्षा केन्द्र रहेको शिक्षण संस्थाको सहायक प्रधानाध्यापक/भाइस प्रिन्सिपल/सहायक क्याम्पस प्रमुख/शिक्षक/अधिकृत कर्मचारी

(ख) चिकित्सा शिक्षा आयोगले तोकेका व्यक्तिहरू

(४) *उपकेन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार :*

(क) केन्द्राध्यक्षले तोकेको समयमा सम्बन्धित परीक्षा केन्द्रमा पुग्ने ।

(ख) प्रत्येक परीक्षा हलभित्र चिकित्सा शिक्षा आयोगबाट उपलब्ध गराइएको सिटप्लानअनुसार परीक्षार्थीको बसाइ व्यवस्था मिलाउने र सोअनुसारको सिटप्लान विवरण परीक्षार्थीको जानकारीका लागि परीक्षा हल बाहिर टास्ने व्यवस्था गर्ने ।

(ग) परीक्षा केन्द्रमा खटिएका कर्मचारीको हाजिरी उठाउने ।

(घ) परीक्षार्थीहरूको हाजिरी फाराम निरीक्षकलाई जिम्मा दिने ।

(ङ) परीक्षा सम्पन्न भएपश्चात् प्रयोगमा नआएका उत्तरपुस्तिका र प्रश्नपत्र सम्बन्धित निरीक्षकबाट बुझी प्याकिङ गर्न सहयोग गर्ने ।

(च) निरीक्षक लगायत परीक्षामा खटिएका जनशक्तिले तोकिएको जिम्मेवारी पूरा गरेको सुनिश्चित गर्ने ।

(छ) केन्द्राध्यक्षले तोकिदिएका अन्य कार्यहरू गर्ने ।

(५) *निरीक्षक छनौटका आधारहरू :* प्रवेश परीक्षा सञ्चालनका लागि निरीक्षक छनौटका आधारहरू निम्न रहने छन् :

(क) शिक्षण संस्थामा कार्यरत र सम्भव भएसम्म परीक्षा सञ्चालनमा अनुभव प्राप्त तर विषयसँग असम्बन्धित शिक्षक/कर्मचारी ।

(ख) चिकित्सा शिक्षा आयोगले तोकेका व्यक्तिहरू ।

(६) *निरीक्षकको काम, कर्तव्य र अधिकार :*

(क) केन्द्राध्यक्षले तोकेको समयमा सम्बन्धित परीक्षा केन्द्रमा पुग्ने ।

(ख) केन्द्राध्यक्षले सञ्चालन गर्ने अभिमुखीकरण कार्यक्रममा अनिवार्य सहभागी हुने ।

(ग) केन्द्राध्यक्षको निर्देशानुसार परीक्षार्थीको सिटप्लान गरी गोपनियता कायम गर्न सहयोग गर्ने ।

(घ) केन्द्राध्यक्षले तोकिदिएको कोठामा परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अगाडि पुग्ने ।

(ङ) सिटप्लानअनुसार परीक्षार्थीलाई परीक्षा हलमा बस्ने व्यवस्था मिलाउने ।

(च) आफ्नो परीक्षा हलको लागि प्राप्त प्रश्नपत्रको सिलबन्दी प्याकेट परीक्षा सुरु हुनु पाँच मिनेट अगाडि मात्र खोली सिट प्लानको सङ्ख्याअनुसार गन्ती गर्ने । गन्ती गर्दा प्रश्नपत्र र उत्तरपुस्तिका नखोली यथावत सङ्ख्या मात्र गन्ती गर्नुपर्ने।

(छ) परीक्षा सुरु हुने घण्टी बज्नासाथ प्रश्नपत्र र उत्तरपुस्तिकाको सेट यथावतरूपमा क्रमश वितरण गर्ने ।

(ज) परीक्षाको गोपनियतालाई हरहमेशा कायम राख्ने ।

(झ) परीक्षार्थीले पालना गर्नुपर्ने आचारसंहिता र नियमको जानकारी गराउने ।

(ञ) परीक्षार्थीलाई प्रवेशपत्रमा लेखिएअनुसारको नाम तथा रोल नम्बर आफ्नो उत्तरपुस्तिकामा लेख्न लगाउने ।

(ट) परीक्षा सुरु भएको १५ मिनेट बितेपछि आउने परीक्षार्थीलाई परीक्षा हलभित्र प्रवेश गर्न नदिने ।

(ठ) परीक्षार्थीलाई तोकिएको हाजिरी फाराममा प्रवेशपत्र हेरी हाजिरी गराउने ।

(ड) उत्तरपुस्तिकाको तोकिएको महलमा अनिवार्य दस्तखत गर्न लगाउने।

(ढ) परीक्षार्थीको प्रवेशपत्र रुजु गर्ने ।

(ण) परीक्षार्थी अनुपस्थित भइ बाकी रहेका प्रश्नपत्र र उत्तरपुस्तिका ३० मिनेटपश्चात्

(त) समन्वयकर्ता वा तोकिएको व्यक्तिलाई बुझाई मुचुल्का गराउने ।

(थ) परीक्षार्थीलाई आयोगबाट उपलब्ध गराइएको कालो जेल पेन वितरण गर्ने र सोही पेनले मात्र परीक्षा दिन लगाउने ।

(द) परीक्षा सुरु भएदेखि परीक्षाको निर्धारित समय समाप्त नभएसम्म कुनैपनि परीक्षार्थीलाई परीक्षा हलबाट बाहिर जान नदिने ।

(ध) परीक्षामा अनुचित कार्य गर्ने परीक्षार्थीलाई कारवाही गर्न तत्काल केन्द्राध्यक्ष समक्ष सिफारिस गर्ने ।

(न) परीक्षा समाप्त भएपछि तत्कालै परीक्षार्थीबाट लिइएको प्रश्नपत्र र उत्तरपुस्तिका दुवै छुट्टाछुट्टै गन्ती गरी केन्द्राध्यक्षलाई बुझाउने ।

(ऩ) परीक्षार्थीको नाम जिल्ला आदि जस्ता विवरणको हिज्जे (Spelling) गल्ती छापिएको भए हाजिरी पानामा अनिवार्य रूपले सच्याउन लगाउने, रोल नम्बर सही लेखे नलेखे रुजु गर्ने र गल्ती लेखेमा सही लेख्न लगाउने (हाजिरी र उत्तरपुस्तिका दुवैमा), हाजिरी पानामा उत्तरपुस्तिका नम्बर अनिवार्य लेख्न लगाउने, उत्तरपुस्तिकामा कुनैपनि साङ्केतिक कुराहरू लेख्न नहुने कुरा जानकारी गराउने ।

(प) प्रत्येक परीक्षार्थीको प्रवेश पत्रको फोटो र निजको अनुहार मिले नमिलेको हेर्ने र शङ्कास्पद भेटिए समन्वयकर्ता वा केन्द्राध्यक्षलाई तुरुन्त जानकारी दिने ।

(फ) परीक्षाको समय अगाडि नै कुनै परीक्षार्थीले परीक्षा सके वा छाड्न चाहेमा पनि परीक्षा समय सकिए पछि मात्र प्रश्नपत्र र उत्तरपुस्तिका बुझाएर परीक्षा हलबाट बाहिर जान दिने ।

(ब) परीक्षार्थीहरूले मोबाइल, क्यालकुलेटर, पेजर, ब्लुटुथ, आइप्याड, ट्याबलेट, पिसी, वालेट (पर्स), गरगहना, घडी, कलम आदि जस्ता वस्तु परीक्षा कोठामा लान र कुनैपनि प्रकारको विद्युतीय उपकरण प्रयोग गर्न नपाइने ब्यहोरा परीक्षार्थीलाई जानकारी गराउने र अनुचित कार्य गर्ने परीक्षार्थीलाई तत्काल कारवाही गर्न केन्द्राध्यक्ष समक्ष सिफारिस गर्ने ।

(भ) परीक्षार्थीले आफ्नो प्रवेशपत्रमा परीक्षा अघि वा परीक्षाको समयमा कुनै कुरा लेख्न नहुने कुरा सचेत गराउने ।

(म) केन्द्राध्यक्षले तोकिदिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

(७) *समन्वयकर्ताको काम कर्तव्य र अधिकार :*

(क) आफूलाई खटाइएको परीक्षा केन्द्रमा चिकित्सा शिक्षा अयोगबाट उपलब्ध गराएको सिलबन्दी बाकस/प्याकेट जिम्मा लिई परीक्षा सुरु हुनुभन्दा न्यूनतम आधा घण्टा अगाडि सुरक्षित तवरले केन्द्राध्यक्षलाई बुझाउने ।

(ख) प्रश्नपत्र र उत्तरपुस्तिका परीक्षा कोठाअनुसार तोकिएका निरीक्षकलाई रुजुगरी वितरण गर्न र परीक्षा समाप्त भएपछि बुझिलिने कार्यमा केन्द्राध्यक्षलाई सहयोग गर्ने ।

(ग) परीक्षार्थीलाई निरीक्षकमार्फत् पेज गन्तीसम्बन्धी व्यवस्था गर्न लगाउने, प्रश्नपत्रको कुनै पाना खाली वा कुनै पेज नभएको पाइएमा चिकित्सा शिक्षा अयोगबाट लगिएको एक्स्ट्रा प्रश्नपत्र दिई वितरित प्रश्नपत्र तथा उत्तरपुस्तिका फिर्ता लिन केन्द्राध्यक्षलाई सहयोग गर्ने ।

(घ) परीक्षामा अनुचित कार्य गर्नेलाई तत्काल कारवाही गर्न केन्द्राध्यक्षलाई सहयोग गर्ने ।

(ङ) परीक्षा सुरु भएको १५ मिनेट पुग्ने वित्तिकै जगेडा हुन अएका सम्पूर्ण प्रश्नपत्र र उत्तरपुस्तिका सङ्कलन गरी सिलबन्दी गर्ने कार्यमा केन्द्राध्यक्षलाई सहयोग गर्ने ।

(च) परीक्षार्थीको अनुहार र प्रवेशपत्रको फोटो मिले नमिलेको हेर्ने तथा शङ्कास्पद देखिएमा चिकित्सा शिक्षा आयोगबाट उपलब्ध गराइएको प्रवेशपत्रको रङ्गिनप्रतिसँग दाँजेर हेर्ने र शङ्कास्पद देखिएमा कारवाहीका लागि केन्द्राध्यक्षलाई सिफारिस गर्ने ।

(छ) चिकित्सा शिक्षा आयोगबाट उपलब्ध गराइएको सिटप्लानअनुसार परीक्षार्थी बसे/नबसेको निरीक्षण गर्ने, परीक्षार्थीको हाजिरी भए नभएको रुजु गर्ने ।

(ज) परीक्षा सम्पन्न भएपछि परीक्षार्थीबाट प्रश्नपत्र र उत्तरपुस्तिका सङ्कलन गर्ने कार्यमा सहजीकरण गर्ने । सङ्कलित प्रश्नपत्र र उत्तरपुस्तिका अविलम्व छुट्टाछुट्टै प्याकिङ तथा सिलबन्दी गर्न लगाई पुनः सो सिलबन्दी प्याकेटलाई बाकसमा राखी सिलबन्दी गर्न लगाई सो बाकस केन्द्राध्यक्षबाट बुझी सुरक्षित तवरले चिकित्सा शिक्षा अयोगको परीक्षा निर्देशनालयमा बुझाउने ।

(झ) चिकित्सा शिक्षा अयोगबाट तोकेबमोजिमका अन्य कार्यहरू गर्ने ।

## १६. उत्तरकुञ्जिका तयारीसम्बन्धी व्यवस्था :

उत्तरपुस्तिका परीक्षण सुरुगर्नु पूर्व निर्देशकले तोकेका विज्ञहरूद्वारा उत्तरकुञ्जिका तयार गरी गोप्य रूपमा सुरक्षित राख्नुपर्ने छ ।

## १७. उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षणसम्बन्धी व्यवस्था :

(१) उत्तरपुस्तिका परीक्षण आधुनिक कम्प्युटर प्रविधि ओएमआर (OMR) बाट गर्नु पर्नेछ र यो प्रविधिबाट परीक्षण गर्दा बारकोडअनुसार प्रोसेसिङ गर्नुपर्ने छ ।

(२) स्क्यानबाट तयार गरिएको नतिजा (जस्तैः A, B, C, D खाली कोठा, दोहोरो उत्तर आदि) उत्तरपुस्तिकाअनुसार स्क्यान छ, छैन भनी म्यानुवल (कम्प्युटरको प्रयोग नगरी) रुजु र अन्तिम रुजु गर्नुपर्ने छ । यसरी रुजु गर्दा कम्तीमा ५ प्रतिशत रेण्डम स्यामप्लिङ (random sampling) गर्नुपर्ने छ ।

(३) उत्तरपुस्तिका रुजु कार्य सकेपछि निर्देशकले नतिजा तयार गरी कम्प्यूटरमा प्रविष्ट गर्न लगाउनु पर्नेछ ।

(४) कोडमा तयार गरिएको नतिजालाई स्यामप्लिङको रूपमा म्यानुअल रुजु गर्नुपर्ने छ ।

# परिच्छेद - ६
# योग्यताक्रमको सूची प्रकाशन र भर्ना

**१८. <u>योग्यताक्रम सूचीको तयारी तथा प्रकाशनसम्बन्धी व्यवस्था :</u>**

(१) चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समितिले एकीकृत प्रवेश परीक्षाबाट उत्तीर्ण उम्मेदवारहरूको योग्यताक्रमको सूची राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १३ बमोजिम तयार गरी कार्यकारी समितिको समन्वयमा प्रकाशन गर्नेछ । यसरी नतिजा तयार गर्दा स्नातकोत्तर तहको लागि लिएको एकीकृत परीक्षाको प्राप्ताङ्कमा उत्तीर्ण हुन तोकिएको न्यूनतम अङ्क प्राप्त गरेका परीक्षार्थीको राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १६ बमोजिम दुर्गम क्षेत्रमा सेवा गरे वापत देहायबमोजिमको अधिकतम दश अङ्कसमेत जोडी योग्यताक्रमको सूची तयार गर्नुपर्नेछ :

(क) दुर्गम क्षेत्रमा काम गरेको अनुभव वापत प्रतिवर्ष एक अङ्कका दरले बढीमा चार अङ्क,

(ख) दुर्गम क्षेत्रमा काम गरेवापत प्रतिवर्षका लागि देहायबमोजिम बढीमा छ अङ्क ।

यस प्रयोजनका लागि दुर्गम क्षेत्र भन्नाले सङ्घीय निजामती सेवासम्बन्धी प्रचलित कानुनमा भौगोलिक क्षेत्र "क" र "ख" मा समावेश भएका क्षेत्रलाई बुझाउनेछ र यस वापतको अङ्क गणना गर्दा "क" वर्गमा पर्ने क्षेत्रमा काम गरे वापत प्रत्येक वर्षका लागि दुई अङ्क र "ख" वर्गमा पर्ने क्षेत्रमा काम गरे वापत प्रत्येक वर्षका लागि एक दशमलव पाँच अङ्कका दरले बढीमा छ अङ्क प्रदान गरिनेछ । यो व्यवस्था ऐनको दफा १६ को उपदफा (४) बमोजिमका चिकित्सकहरूको हकमा मात्र लागू हुनेछ ।

खण्ड (क) र (ख) बमोजिमको अङ्क गणना गर्दा एक वर्षभन्दा बढी अवधि सेवा गरेको भएमा मात्र चानचुन अवधिकोसमेत गणना गरिनेछ । एकवर्षभन्दा बढी कार्य अनुभव भएकाको हकमा बढी हुन आउने चानचुन अबधिलाई दिनमा रूपान्तरण गरी अङ्क गणना गरिनेछ ।यसरी गरिने गणनामा दशमलव भन्दा पछाडि दोस्रो स्थानसम्म आएको अङ्कलाई समावेश गरिने छ ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको अङ्क प्राप्त गर्न सेवा गरेको अवधि वर्ष, महिना र दिन स्पष्ट खुल्ने अनुभवको प्रमाणपत्र स्वास्थ्यसम्बन्धी विषय हेर्ने मन्त्रालय/सम्बन्धित मन्त्रालय र स्थानीय तहले नियुक्त गरेको कर्मचारीको हकमा नियुक्ति दिने निकायबाट प्रमाणित गरी पेस गर्नुपर्ने छ ।

(३) नेपाल सरकारबाट मान्यता प्राप्त निजी स्वास्थ्य संस्थामा कार्य गरेकाको हकमा भौगोलिक क्षेत्र खुल्ने गरी वर्ष, महिना र दिन खुलेको नियुक्ति गर्ने संस्थाको आधिकारिक पत्र पेस गर्नुपर्ने छ ।

(४) योग्यताक्रमको सूची तयार गर्दा एकभन्दा बढी उम्मेदवारले उपदफा (१) बमोजिम प्राप्त गरेको अङ्क समान भएमा लिखित परीक्षाको टाइब्रेकिङका आधारमा योग्यताक्रम निर्धारण गरिनेछ । टाई ब्रेकिङ्का आधार परीक्षा सञ्चालन अगावै निर्धारण गरेबमोजिम हुनेछ ।

(५) प्रवेश परीक्षाअन्तर्गत खुला प्रतियोगिताद्वारा सञ्चालित लिखित परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क हासिल गरेका ऐनको दफा १६ को उपदफा (४) बमोजिमका चिकित्सकले मात्र उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको अङ्क प्राप्त गर्न सक्नेछन् ।

(६) **एलिजिबिलिटीसम्बन्धी प्रमाणपत्र उपलब्ध गराउने प्रयोजनका लागि यसै प्रवेश परीक्षाको उत्तीर्णाङ्कलाई आधार बनाईने छ ।**

(७) **एनबिएमएस स्पेसियालिटिज (NBMS-S) कार्यक्रमको योग्यताक्रमको प्रयोजनका लागि पनि यसै प्रवेश परीक्षाबमोजिमको योग्यताक्रम लागू हुनेछ ।**

## १९. विदेशी विद्यार्थीको योग्यताक्रमसम्बन्धी व्यवस्था :

(१) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा भर्ना हुन चाहने विदेशी उम्मेदवारले आयोगबाट प्रकाशित सूचनाबमोजिम प्रवेश परीक्षाको आवेदन फाराम अनिवार्य रूपले भर्नुपर्ने छ ।

(२) विदेशी सिटमा भर्नाका लागि पहिलो प्राथमिकता आयोगबाट सञ्चालित प्रवेश परीक्षामा सहभागी भई सो परीक्षाबाट निर्धारित विदेशी समूह (category) को योग्यताक्रमअनुसार हुनेछ ।

(३) उपदफा (२)अनुसार सिट खाली हुन आएमा तोकिएको समयावधिभित्र परीक्षा दस्तुर सहित दोस्रो प्राथमिकतामा रहन मञ्जुर गरी प्रवेश परीक्षामा सहभागी नहुने तर सम्बन्धित राष्ट्रको राष्ट्रिय स्तरको प्रवेश परीक्षाको प्राप्ताङ्कको आधारमा भर्ना हुनको लागि आवेदन गरेका परीक्षार्थीहरूको योग्यताक्रमअनुसार भर्ना गरिनेछ । यस उपदफाबमोजिम योग्यताक्रम निर्धारण गर्ने प्रयोजनका लागि विदेशी उम्मेदवारले सम्बन्धित राष्ट्रको प्रवेश परीक्षामा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको हुनुपर्दछ अथवा उक्त प्रवेश परीक्षाको नतिजा पर्सेन्टाइल (percentile) मा रहेछ भने न्यूनतम ५० औं पर्सेन्टाइल प्राप्त भएको प्रमाणपत्र अनलाइन दरखास्त पेस गर्ने समयमा अनिवार्य अपलोड गरेको हुनुपर्ने छ ।

(४) विदेशी सिटमा भर्नाका लागि आवेदन दिएका बुँदा (२) र (३) बमोजिमका योग्यता क्रममा रहने विदेशी उम्मेदवारहरूको सङ्ख्या उपलब्ध सिटको सङ्ख्याभन्दा कम भएमा विदेशीहरूको लागि एउटै मात्र म्याचिङ हुनेछ ।

(५) उपदफा (२), (३) र (४) बमोजिमको प्रक्रियाबाट पनि विदेशीतर्फको सिट रिक्त हुन आएमा सो सिटलाई नेपाली खुलातर्फ बदली दफा २१ बमोजिमको म्याचिङको कार्य सुरु गरिने छ ।

## २०. म्याचिङ तथा विद्यार्थी भर्नासम्बन्धी व्यवस्था

(१) योग्यताक्रम प्रकाशनपश्चात् सफल उम्मेदवारहरूलाई भर्नाका लागि विषय र शिक्षण संस्था तोकी बढीमा पच्चिस ओटा प्राथमिकता छनोट गर्ने अवसर प्रदान गरिने छ ।

(२) उपदफा (१) मा उल्लेखित आधारबमोजिम पहिलो चरणको म्याचिङ लिस्ट प्रकाशन गरिनेछ । एक भन्दा बढी कार्यक्रममा आवेदन गरी योग्यताक्रमको सूचीमा परेका उम्मेदवारहरू प्रत्येक कार्यक्रमहरूको म्याचिङमा सहभागी हुन पाउनेछन् तर कुनै एक शैक्षिक कार्यक्रममा भर्ना पश्चात बाँकी कार्यक्रमहरुको म्याचिङ लिस्टबाट स्वतः हट्नेछन् ।

(३) पहिलो चरणको म्याचिङ लिस्टमा परेका उम्मेदवारहरूलाई भर्नाका लागि प्रदान गरिएको समय समाप्त भएपश्चात् निजहरूको नाम लिस्टबाट हटाइने छ ।

(४) पहिलो चरणमा प्रकाशित म्याचिङ लिस्टबाट भर्ना हुन नसकी खाली रहेका सिटमा योग्यताक्रममा रहेका बाँकी उम्मेदवारहरूबाट दोस्रो चरणको म्याचिङ लिस्ट प्रकाशन गरिने छ ।

(५) दोस्रो चरणको म्याचिङ लिस्टमा परेका उम्मेदवारहरूलाई भर्नाका लागि प्रदान गरिएको समय समाप्त भएपश्चात् निजहरूको नाम लिस्टबाट हटाई खाली हुन आएका सिटमा भर्नाका लागि योग्यताक्रममा रहेका बाँकी उम्मेदवारहरूबाट तेस्रो चरणको म्याचिङ लिस्ट प्रकाशन गरिने छ ।

(६) तेस्रो चरणको म्याचिङ लिस्टमा परेका उम्मेदवारहरूलाई प्रदान गरिएको भर्नाको समय समाप्त भएपश्चात् शैक्षिक सत्र प्रारम्भ हुनेछ ।

(७) तेस्रो चरणको म्याचिङ लिस्टमा परेका उम्मेदवारहरूलाई भर्नाका लगि प्रदान गरिएको समय समाप्त भएपश्चात् पनि सिट खाली हुन आएमा त्यस्तो सिटमा भर्ना हुन कुनै पनि शिक्षण संस्थामा भर्ना नभएका सुरुदेखिका उम्मेदवारहरूबिच निम्नबमोजिम ओपन हाउस काउन्सेलिङ (Open house counseling)/समापन म्याचिङ (wrap-up matching) गरिने छ :

- समापन म्याचिङ (wrap-up matching) मा प्रत्यक्ष सहभागी हुन इच्छुक उम्मेदवारका लागि निश्चित अवधि प्रदान गरी अनलाइन माध्यमबाट दरखास्त आह्वान गरिनेछ ।
- तोकिएको समयभित्र अनलाइन दरखास्त पेस गर्ने उम्मेदवारहरूको प्रत्यक्ष उपस्थितिमा म्याचिङ हुने दिन, समय र स्थान वारे सम्बन्धित उम्मेदवारहरूलाई पूर्व जानकारी गराई सो अनुसार खुला परामर्श तथा म्याचिङ (open house counseling/matching) गरी खाली सिट पूर्ति गरिने छ ।
- शैक्षिक सत्र सुरु भएको पैंतीस दिनभित्रमा यस उपदफाबमोजिम विद्यार्थी छनौट र भर्ना गर्ने कार्य सम्पन्न गर्नुपर्ने छ ।

## परिच्छेद - ७
## विविध

**२१. <u>पुनर्योगसम्बन्धी व्यवस्था :</u>**

(१) समितिबाट प्रकाशित योग्यताक्रम सूचीउपर चित्त नबुझी पुनर्योग गर्न चाहने उम्मेदवारले योग्यताक्रमको सूची प्रकाशित भएको मितिले तीन दिनभित्र अनुसूची– १ बमोजिमको ढाँचामा समितिले तोकेको बैङ्क खातामा रु.१,०००/- दस्तुर बुझाएको सक्कल बैङ्क भौचर संलग्न गरी परीक्षा निर्देशनालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्योगका लागि निवेदन पर्न आएमा समितिको अध्यक्षले समितिको कुनै एक सदस्यको संयोजकत्वमा तीन सदस्यीय पुनर्योग उपसमिति गठन गरी पुनर्योगसम्बन्धी कार्य गर्नेछ ।

(३) पुनर्योग उपसमितिले पुनर्योगका लागि निवेदन दिने मिति समाप्त भएको ३ दिनभित्रमा पुनर्योग सम्बन्धी कार्य सम्पन्न गरी सोको प्रतिवेदन निर्देशक समक्ष पेस गर्नुपर्ने छ ।

(४) पुनर्योग गर्दा निवेदकको योग्यताक्रम सूचीमा हेरफेर हुने देखिएमा चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समितिले प्रतिवेदन प्राप्त भएको मितिले तीन दिनभित्रमा संशोधित योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ र पुनर्योग गर्दा कुनै फरक नभएमा पनि सो व्यहोराको सूचना आयोगको सूचना पाटी र वेबसाइटमार्फत् परीक्षार्थीहरूलाई जानकारी गराउनु पर्नेछ ।

(५) उत्तरपुस्तिका परीक्षण ओएमआर (OMR) प्रविधिबाट गरिने तथा उत्तरपुस्तिका परीक्षणको प्रक्रियामा सम्बन्धित उत्तरपुस्तिकामा परीक्षार्थीको नाम, रोल नम्बर उल्लेख नभई कोड मात्र उल्लेख हुने भएका कारण उत्तरपुस्तिका देखाउने व्यवस्था गरिएको छैन ।

**२२. <u>योग्यताक्रम मान्य रहने अवधि :</u>**

(१) एकीकृत प्रवेश परीक्षाबाट कायम भएको योग्यताक्रम एक वर्षसम्म कायम रहने छ ।

(२) **उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो योग्यताक्रम कुनै विश्वविद्यालय, प्रतिष्ठान र शिक्षण संस्थाको एक शैक्षिक सत्रभन्दा बढी अवधिका लागि उपयोग गरिने छैन ।**

२३ <u>प्रश्नपत्र तथा उत्तरपुस्तिकाको गोपनियतासम्बन्धी व्यवस्था :</u>

यस कार्यविधि बमोजिम लिइएको चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षाको प्रश्नपत्र र उत्तरपुस्तिका गोप्य रहने छ । परीक्षा सम्पन्न भएको छ महिनापश्चात् प्रचलित कानुनबमोजिम प्रश्नपत्र र उत्तरपुस्तिका धुल्याइने छ ।

## २४ <u>गोपनीयता कायम राख्नुपर्ने :</u>

आयोगको कामकारबाही तथा गोपनीयता कायम गर्नुपर्ने परीक्षासम्बन्धी कार्यमा आवश्यक गोपनीयता कायम राख्ने दायित्व सो काममा संलग्न सबै पदाधिकारी एवम् कर्मचारीको हुनेछ ।

## २५ <u>प्रवेश परीक्षाको आवेदन दस्तुरसम्बन्धी व्यवस्था :</u>

चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षाको आवेदन दस्तुर कार्यकारी समितिले तोकेबमोजिम हुनेछ ।

## २६ <u>परीक्षा रद्द हुने अवस्था :</u>

परीक्षा समितिले निर्णय गरेको अवस्थामाबाहेक परीक्षा कार्यक्रम रद्द हुने छैन ।

## २७ <u>बाधा अड्काउ फुकाउने अधिकार :</u>

यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा वा यो कार्यबिधिमा उल्लेख नभएको विषयका सम्बन्धमा कुनै व्यवस्था गर्न आवश्यक परेमा परीक्षा समितिको सिफारिसमा कार्यकारी समितिले निर्णय गरेबमोजिम हुनेछ ।

## २८ <u>अनुसूची हेरफेर वा थपघटसम्बन्धी व्यवस्था :</u>

कार्यकारी समितिले यस कार्यविधिमा रहेका अनुसूची आवश्यकताअनुसार हेरफेर वा थपघट गर्न सक्ने छ ।

दफा २१ को उपदफा (१) सँग सम्बन्धित

# अनुसूची -१

मिति : ……………..

श्रीमान् अध्यक्षज्यू,
चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा समिति,
चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर ।

विषय : पुनर्योग सम्बन्धमा ।

यस समितिबाट मिति मा प्रकाशित स्नातक/स्नातकोत्तर तहअन्तर्गत कार्यक्रमको प्रवेश परीक्षाको नतिजाअनुसार कायम योग्यता सूचीमा मेरो नाम समावेश नभएको/समावेश भएको तर योग्यता सूची उपर चित्त नबुझेकाले पुनर्योग गर्ने प्रयोजनका लागि स्वयम् उपस्थित भई निम्न कागजात संलग्न राखी यो निवेदन गर्दछु ।

**संलग्न कागजातहरू**

(१) रु१,०००/- दस्तुर दाखिला गरेको सक्कल बैङ्क भौचर
(२) प्रवेशपत्रको फोटोकपी

**निवेदकको**

दस्तखत :
नाम, थर :
प्रवेश परीक्षामा सहभागी तह र कार्यक्रम :
रोल नम्बर :
प्राप्ताङ्क :
सम्पर्क मोबाइल/फोन नम्बर :
मिति :